२७औं फ्लोरा एक्स्पो ५ चैतदेखि

■ सौर्य समाचार

काठमाडौं। फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान)को आयोजनामा २७औं संस्करणको फ्लोरा एक्स्पो (पुष्प प्रदर्शनी) हुने भएको छ। पुष्प व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष जस्तै यो वर्ष पनि एसोसिएसनले ५ देखि ८ चैतसम्म भृकुटीमण्डपमा २७औं फ्लोरा एक्स्पो सञ्चालन गर्न लागेको हो।

एसोसिएसन नेपालले २०५१ सालदेखि निरन्तर रूपमा हरेक वर्ष क्षेत्रीय तथा राष्ट्रिय स्तरको पुष्प मेला/प्रदर्शनीको आयोजना गर्दै आइरहेको छ। एसोसिएसनका वरिष्ठ उपाध्यक्ष एवं मेलाका संयोजक रामबहादुर तामाङले 'स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नाराका साथ पुष्प मेला आयोजना गरिएको बताए।

उनका अनुसार फ्लोरा एक्स्पोमा व्यावसायिक स्टल-६५, अफिसियल स्टल-११, प्रतिस्पर्धा स्टल-२, फुड स्टल-२, ल्यान्डस्केप स्टल-१, सेल्फी स्टल-१, बी वाई डी इभी कारको स्टल १ सहित गरी जम्मा ८३ वटा स्टल रहेको छ।

मेलामा सहभागी भएका विभिन्न पुष्प व्यवसायीद्वारा उत्पादित फूल बिरुवाहरूका विभिन्न विधाअन्तर्गत उत्कृष्ट स्टल, उत्कृष्ट ल्यान्डस्केपिङ, उत्कृष्ट मौसमी फूल, उत्कृष्ट आलंकारिक बिरुवा, उत्कृष्ट आलंकारिक फुल्ने बिरुवा, उत्कृष्ट ल्यान्डस्केप, उत्कृष्ट पुष्प सजावट, उत्कृष्ट कट फ्लावर (गुलाब, जरबेरा र कार्नेसन) मा प्रतिस्पर्धा गराइनेछ। प्रतिस्पर्धामा प्रथम तथा उत्कृष्ट हुन सफल पुष्प व्यवसायीलाई नगद, सिल्ड तथा प्रमाणपत्रद्वारा पुरस्कृत गरिनेछ। हाल देशका ५२ जिल्लामा लगभग २७० हेक्टर क्षेत्रफलमा पुष्प व्यवसाय भइरहेको छ। यस क्षेत्रमा ८ अर्ब ८३ करोडभन्दा बढीको लगानी रहेको छ भने १ हजार २३५ भन्दा बढी पुष्प व्यवसायीमा संलग्न रहेका छन्। पुष्प व्यवसायमा प्रत्यक्ष तथा अप्रत्यक्ष गरेर ५३ हजार ५०० भन्दा बढी जनशक्ति रोजगार रहेका छन।

अन्तर्राष्ट्रिय सीमा नदी महाकालीमा व्यावसायिक ऱ्याफ्टिङ

■ सौर्य समाचार

कञ्चनपुर। नेपाल-भारत सीमा नदी महाकालीमा साहसिक जलयात्रा व्यवसायिक रूपमा सञ्चालनमा आएको छ। पानी सप्ताहको अवसर पारेर विभिन्न सरोकारवाला निकायको पहलमा ऱ्याफ्टिङको व्यावसायिक सुरुआत गरिएको हो। सन् २०२१ मा सफल परीक्षण गरिएको महाकाली नदीमा औपचारिक रूपमा ऱ्याफटिङ सञ्चालन सुरु गरिएको हो।

कञ्चनपुरको भीमदत्त नगरपालिका-९ मसेट्टीस्थित साइलेट रिभर क्षेत्रबाट ऱ्याफटिङ सञ्चालनमा ल्याइएको हो। गैरसरकारी संस्था निड्स नेपालको अगुवाइमा जिल्लास्थित विभिन्न संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा प्याकेजमार्फत -ऱ्याफ्टिङ सेवा उपलब्ध गराइने जनाइएको छ। निड्स नेपाल, होटल व्यवसायी संघ, उद्योग वाणिज्य संघ, यातायात समिति, नाटालगायत पर्यटन व्यवसायीहरूको सहकार्यमा ऱ्याफ्टिङ सञ्चालन हुने बताइएको छ। हाल अड्भिफ्ट एडभेन्चर प्रालिअन्तर्गत २ वटा ऱ्याफ्टिङ बोट सञ्चालनमा ल्याइएका छन्।

निड्स नेपालका कार्यकारी निर्देशक भवराज रेग्मीले लामो अध्ययनपछि महाकाली नदीमा व्यावसायिक ऱ्याफ्टिङ सुरु गरिएको बताए। उनका अनुसार सन् २०१७ मा महाकाली नदीको बहुउपयोग परियोजनाअन्तर्गत ऱ्याफ्टिङको सम्भाव्यता अध्ययन सुरु गरिएको थियो। जसमा अक्सफामलगायततका विभिन्न साझेदार संस्थाहरूको पनि सहभागिता रहेको थियो।

उक्त अध्ययनअनुसार नेपालतर्फ डडेल्धुराको परशुराम नगरपालिका क्षेत्रबाट करिब १४ किलोमिटर र मसेट्टीदेखि खल्लासम्म ८ किलोमिटर दुरीमा साहसिक जलयात्रा सञ्चालन गर्न सकिने देखिएको थियो। भारततर्फ भने २ वटा कम्पनीले सन् २०१५ देखि नै नियमित रूपमा ऱ्याफटिङ सञ्चालन गर्दै आएका छन्। ऱ्याफटिङ सञ्चालनका लागि स्थानीय ऱ्याफ्टिङ चालक किशन भट्टलाई जिम्मेवारी दिइएको छ। ५ देखि १० जनासम्मको समूहले प्याकेज खरिद गरी ऱ्याफटिङ गर्न सक्ने व्यवस्था मिलाइएको छ।

कञ्चनपुर होटल व्यवसायी संघका अध्यक्ष रामचन्द्र रेग्मीले निजी क्षेत्र ऱ्याफटिङ सञ्चालन र पर्यटन प्रवर्द्धनका लागि तयार रहेको बताए। नेपाल एसोसिएसन अफ ऱ्याफ्टिङ एजेन्सीजका निवर्तमान अध्यक्ष शिव अधिकारीले महाकाली नदीमा ऱ्याफटिङको राम्रो सम्भावना रहेको बताए। करिब २५ वर्षदेखि नेपालका ठुला नदीमा ऱ्याफ्टिङ व्यवसाय सञ्चालन गरिरहेका उनले कम जोखिम र सहज जलयात्रा रुचाउने पर्यटकका लागि महाकाली उपयुक्त नदी रहेको बताए।

नेपाल पर्यटन बोर्डले पनि ऱ्याफ्टिङ पर्यटनको प्रवर्द्धनमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। भीमदत्त नगरपालिकाका नगरप्रमुख पदम बोगटीले ऱ्याफ्टिङ प्रवर्द्धन तथा आवश्यक पूर्वाधार निर्माणमा पालिकाले प्राथमिकता दिने बताए। त्यस्तै दोधराचाँदनी नगरपालिकाका प्रमुख किशोरकुमार लिम्बूले पनि ऱ्याफ्टिङको विकास तथा प्रचारप्रसारका लागि पालिका सहकार्य गर्न तयार रहेको बताए।

Government of Koshi Province
Ministry of Water Supply, Irrigation and Energy

Water Resources and Irrigation Development Division, Jhapa

Bhadrapur, Nepal

Notice of Intention to Award the Contract

Date of Publication: 2082/12/04 (18th March 2026)

This is to notify as per Clause 27(2) of Public Procurement Act, 2063 in reference to the notice published on "Rajdhani" National Daily dated 2082/10/26, that it is our intention to award the contract to the following substantially responsive lowest evaluated bids.

S.N.	Name of Work	Contract No.	Name and Address of the Bidder	Accepted bid amount including VAT and PS (NRs)
1	Construction of canal and canal related structures of Mawa Dhunge Paini Irrigation Project, Damak 3, Jhapa	MDPIP/ WriddJhapa/NCB-06/2082-083	Chuwadeli Nirman Tatha Suppliers, Miklajung 6, Morang	64,55,212.24

Division Chief

चैते धानको समर्थन मूल्य तोक्न अध्ययन सुरु

■ सौर्य समाचार

काठमाडौं। कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गतको कृषि विभागले चैते धानको समर्थन मूल्य तोक्न अध्ययन थालेको छ। विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न २५ जिल्लामा स्थलगत अध्ययन थालेको हो। अध्ययनका क्रममा धानको उत्पादनमा लाग्ने खर्च तथा बिउ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिने विभागले जनाएको छ।

विभागको टोलीले स्थलगत अध्ययन गरेपछि निर्धारण गरिने वैज्ञानिक मूल्य कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा सिफारिस गरेर पठाइने विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए। स्थलगत अध्ययन प्रक्रियाले किसानद्वारा उत्पादित धानको सही मूल्य सुनिश्चित गर्न सहयोग गर्ने उनले विश्वास व्यक्त गरे। मन्त्रालयले उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य तथा अन्य सान्दर्भिक आधार समेटेर प्रतिक्विन्टल मूल्य प्रस्ताव गर्ने विभागका महानिर्देशक सञ्जेलले बताए। उनले भने, 'उक्त प्रस्ताव मन्त्रिपरिषद्मा पेस हुन्छ। त्यसपछि मन्त्रिपरिषद्बाट निर्णय भएपछि सार्वजनिक गरिनेछ। सोही आधारमा धानको चिस्यान मापदण्डसमेत मूल्यांकन गरिनेछ।'

धानको १८ प्रतिशतसम्म चिस्यान भएमा तोकिएको मूल्य लागू हुने जनाउँदै उनले १८ प्रतिशतभन्दा बढी चिस्यान भएमा तौल घटाउने नियम लागू गरिने उल्लेख गरे। उनका अनुसार सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्नेछ। यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने महानिर्देशक सञ्जेलले जानकारी दिए। सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत धान खरिद हुने जनाएको छ। सरकारले गत वर्ष प्रतिक्विन्टल २ हजार ८०० समर्थन मूल्य तोकेको थियो।

नमोबुद्ध नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मितिः २०८२/१२/०४

यस नगरपालिकाबाट निम्न योजनाहरुको लागि e-bid मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाको लागि www.bolpatra.gov.np/egp, तथा यस कार्यालयको वेबसाईट www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

तपसिलः

ठेक्का नं.	कार्यको विवरण	लागत अनुमान भ्याट सहित	धरौटी रकम	दरभाउपत्र दस्तुर
NMUN/NCB/ WORKS/17/082/83	Upgrading Of B.P.Rajamarga Tekanatar Hudai Ward Karayalaya Sadak, Namobuddha-6	NRs.50,51,985.71	NRs.1,30,000/-	NRs. 3,000/-
बैंक खाता नं.	Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch Office Name: Namobuddha Municipality Office Office Code: 801032602 Rajswo Shirshak: 14219 Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002** Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002**			

वन्यजन्तुबाट प्रभावित किसानलाई राहत वितरण

■ सौर्य समाचार

रसुवा। लाङटाङ राष्ट्रिय निकुञ्जभित्रका वन्यजन्तुबाट प्रभावित किसानलाई राहत प्रदान गरिएको छ। निकुञ्ज प्रशासनका अनुसार सबैभन्दा बढी क्षति बँदेल (जंगली सुँगुर)बाट भएको छ। चालुआवको हालसम्म वन्यजन्तुबाट १५७ जना प्रभावित भएका छन्। रेन्जर रूपेश लामाका अनुसार प्रभावितमध्ये बाँदरबाट ३४, बँदेलबाट १११, चितुवाबाट ११ र भालुबाट १ जना प्रभावित भएका छन्।

चितुवाको आक्रमणबाट पशुधनतर्फ करिब ३ लाख ७० हजार रुपैयाँ बराबरका बाख्रा-भेडा नोक्सान भएको पनि निकुञ्जले जनाएको छ। वन्यजन्तुबाट हुने क्षतिसम्बन्धी राहत निर्देशिका, २०८० बमोजिम राहत उपलब्ध गराइँदै आएको छ। सोही निर्देशिकाअनुसार मानव र वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि हालसम्म १४ लाख ९९ हजार ४०० रुपैयाँ राहत वितरण गरिएको छ। केही किसानको मागअनुसार राहत रकम अपुगका कारण भुक्तानी गर्न बाँकी रहेको रेञ्जर लामाले जानकारी दिए। स्थानीय अगुवा किसान साधुराम पौडेलका अनुसार रसुवाको उत्तरी क्षेत्रमा भालु र बँदेलको समस्या बढी देखिएको छ भने दक्षिणी क्षेत्रमा बाँदरले बालीमा धेरै क्षति पुऱ्याउने गरेका छन्। वन्यजन्तुले बाली वा पशुधनमा क्षति पुर्याएमा राहत प्राप्त गर्न कृषि तथा पशु सेवा कार्यालयको सिफारिस, प्रहरी प्रतिवेदन, स्थलगत मुचुल्का, निकुञ्ज मध्यवर्ती उपभोक्ता समितिको सिफारिस, निकुञ्ज प्राविधिकको निरीक्षण प्रतिवेदनलगायतका कागजात आवश्यक पर्ने निकुञ्जले जनाएको छ।

पशुधन क्षति भएको अवस्थामा घटनास्थलको फोटो, मुचुल्का, प्रहरी प्रतिवेदन तथा स्वीकृत चिकित्सकबाट गरिएको पोष्टमार्टम प्रतिवेदनसमेत पेस गर्नुपर्ने निर्देशिकाले उल्लेख गरेको बताइएको छ। त्यसैगरी वन्यजन्तुको आक्रमणबाट मानिस घाइते भएमा सरकारी अस्पतालको बिलबमोजिम उपचार खर्च तउपलब्ध गराइने व्यवस्था रहेको छ। निकुञ्ज प्रशासनले जंगल क्षेत्रमा घाँस काट्न वा आवतजावत गर्दा एक्लै नजान, सम्भव भएसम्म साथी लिएर सावधानीपूर्वक हिँडडुल गर्न स्थानीयवासीलाई आग्रह गरेको छ।

Government of Madhesh Province
Ministry of Energy, Irrigation & Water Supply

Water Supply and Sanitation Division Office

Division No.1 Saptari,Rajbiraj

Invitation for Electronic Bids

First Date of publication: 2082/12/04 (18th march 2026)

Water Supply & Sanitation Division Office,Saptari,Rajbiraj invites electronic bids only from Nepalese eligible bidders for following work under National Competitive Bidding procedures.Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Water Supply & Sanitation Division office,Saptari,Rajbiraj,wssdosaptarino1@gmail.com, 031530036 or may visit PPMO website www.bolpatra.gov.np/egp.

Contract No.	Name of Work	Name Of Project	Bid Fee (Nrs)	Bid Security Amount (Nrs)	Estimate Cost (without VAT & PS)
04/NCB/2082-83/WSSDO-SAPTARI	The Construction of overhead tank and drilling and installation of deep tubewell at Chhinamasta ga.pa.07	छिन्नमस्ता गा.पा -०७ खानेपानी ओभरहेड ट्यांकी निर्माण,सप्तरी	3000.00	1,25,000.0	43,82,077.00
05/NCB/2082-83/WSSDO-SAPTARI	The Construction of overhead tank and drilling and installation of deep tubewell at mahdewa ga.pa.02	महादेवा खा.पा.आ महादेवा गा.पा-०२,सप्तरी	3000.00	1,25,000.0	43,82,077.00
06/NCB/ Boring/2082-83/ WSSDO-SAPTARI	Drilling & Installation of Deep Tube well at jamdha wsp golbazar na.pa siraha	गोलबजार न.पा डिप बोरिङ्ग आयोजना,सिरहा	3000.00	1,10,000.0	38,19,835.13

Division Cheif

UAE मा रोजगार 1. Orion Security Services LLC.

पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/२/७ चलानी नं.: ६०२३८२४८ LT No.: 324319

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Security Guard PSBD	199	0	कामका दक्ष	2000	८०,२६०।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

2. Four N Property LLC पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/९/२३ चलानी नं.: ६०२३१७१२ LT No.: 316774

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Mess Hall Supervisor	4	0	हाइस्कुल	2500	१००,३२५।-	छ	८ घण्टा	७ दिन	१६ दिन	छ		२ वर्ष
२.	Catering Supervisor	4	0	हाइस्कुल	2500	१००,३२५।-	छ	८ घण्टा	७ दिन	१६ दिन	छ		२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	भिसामा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने भिसा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा सीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिसा शुल्क कसले दिने रकम कति लाग्ने	सामाजिक सुरक्षा कोष (एलएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	हुने रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६- कामदार आफैंले	रु. १,५००।- कामदार आफैंले	रु. २,१०७।- कामदार आफैंले	निःशुल्क

अन्तरवार्ता २०८२ चैत्र ११ गते (25 March, 2026) यस प्रा. लि. को कार्यालय, कुपन्डोल, ललितपुरमा हुनेछ।

AIR KINGS PLACEMENT PVT. LTD.
Kupondole, Lalitpur, Nepal. Tel.: 01-5524006, 5427196
Gov. Lic No. 712/064/065